स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



निर्माता बोनी कपूरले नयाँ कलाकारहरूसहित फिल्म 'नो एन्ट्री' को सिक्वेल बनाउँदैछन्। सन् २००५ को यो ब्लकबस्टर कमेडी फिल्ममा सलमान खान, अनिल कपूर, फरदीन खान र बिपाशा बसु थिए। तर मूल स्टार कास्टले विभिन्न कारणले फिल्मको सिक्वेलमा काम गर्न अस्वीकार गरेका छन्। सलमानले अर्जुन कपूरका कारण फिल्मलाई अस्वीकार गरेका हुन्।

**आजको विचार...**



बाटो ...

*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे



अभिनेता पल शाहलाई यतिबेला 'मोहर'को चटारो छ। सकारात्मक समीक्षा प्राप्त गरेको यो फिल्मले ३ दिनमा घरेलु बक्सअफिसमा १ करोडको आँकडा पार गरेको छ। फिल्म प्रवर्धनको सिलसिलामा पल अहिले विभिन्न जिल्लाको दौडाहामा छन्। हल हलमा पुगेर दर्शक भेटिरहेका छन्। नहोस पनि किन, धेरैपछि उनको फिल्मले हलमा राम्रो ब्यापार गरिरहेको छ। धेरैपटक विवाहको प्रश्नले घेरिएका उनले अहिलेसम्म आफूले व्रतवन्ध पनि नगरेको र त्यसपछि मात्र विवाह गर्ने जवाफ दिए।

❒ वर्ष ३१ ❒ अंक ३९ ❒ २०८२ भदौ ९ गते सोमबार 25 August 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### कोरियाको स्टिल निर्यात २६% ले गिरावट

(रासस/क्युएनए)

**सियोल,** भदौ ८ /संयुक्त राज्य अमेरिकामा दक्षिण कोरियाको स्टिल निर्यात गत वर्षको तुलनामा जुलाई महिनामा २६ प्रतिशतले घटेको छ । यसको प्रमुख कारण वासिङ्टनले तोकेको दोब्बर भन्सार शुल्क भएको बताइएको छ । कोरियाको स्टिल ढुवानी गत महिनामा अमेरिकामा २८ करोड ३० लाख डलरमा झरेको कोरियाली समाचार एजेन्सी (योन्हाप) ले कोरिया इन्टरनेसनल ट्रेड एसोसिएसन (केआइटिए- किटा) को तथ्याङ्क उद्धृत गर्दै जनाएको छ ।यो मूल्य मार्च २०२१ पछि करिब चार वर्ष चार महिनामै सबैभन्दा न्यून स्तर हो । मात्रा अनुसार, जुलाई महिनामा निर्यात २४ प्रतिशतले घटेर एक लाख ९४ हजार टनमा झरेको छ । यो सन् २०२३ जनवरीपछि सबैभन्दा कम रहेको किटाले जनाएको छ । गत जुनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्टिल र एल्युमिनियम आयातमा लगाइएको कर २५ प्रतिशतबाट बढाएर ५० प्रतिशत पुर्‍याएका थिए । उक्त कडा भन्सार शुल्कको प्रतिक्रियामा, देशका दुई प्रमुख स्टिल उत्पादक कम्पनीहरू पोस्को र ह्युन्डाई स्टिलले अमेरिकामा स्टिल प्लान्टमा लगानी गर्ने योजना सार्वजनिक गरेका छन् । मार्च महिनामा, ह्युन्डाई स्टिलले सन् २०२९ सम्म लुइसियानामा पाँच अर्ब ८० करोड डलर लागतमा इलेक्ट्रिक आर्क फर्नेसमा आधारित एकीकृत स्टिल मिल निर्माण गर्ने घोषणा गरेको थियो । जसको उत्पादन सोही वर्ष सुरु हुने बताइएको छ । अर्को महिना पोस्कोले पनि यस परियोजनामा सामेल हुने जानकारी दिएको थियो ।

# संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजामा पाल्पाका स्थानीय तह

## तानसेन र रिब्दीकोट उत्कृष्ट

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ ८/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा २०८०/०८१ मा पाल्पाका केही स्थानीय तह उत्कृष्ट देखिएका छन् भने केही मध्यम र कमजोर देखिएका छन् । यहाँका १० स्थानीय तह मध्ये दुई वटा स्थानीय तहको नतिजा उत्कृष्ट देखिएको छ ।

मन्त्रालयको नतिजा अनुसार यहाँका तानसेन नगरपालिका र रिब्दीकोट गाउँपालिका उत्कृष्ट भएका छन् । तानसेन नगरपालिकाले ८८ दशमलव २५ अंक प्राप्त गरी जिल्लाका १० स्थानीयतह मध्ये पहिलो भएको छ । लुम्बिनीका १८ नगरपालिका मध्ये तानसेन तेस्रो भएको छ भने देशभरीमा १० औं स्थान प्राप्त गरेको छ । तानसेनले आ.व. २०७९/०८० मा ८३ अंक प्राप्त गरेकोमा २०८०/०८१ मा ५ दशमलव २५ अंक बृद्धि गरेको छ । गत बर्ष भन्दा स्वमूल्याङ्कनका सबै सूचकहरुमा सुधार गरेको, नगरवासीको सेवा प्रवाहमा चुस्त,दुस्त पारदर्शी बढाएको, सामाजिक समावेशीकरणमा ध्यान दिएको, ३ वटै सरकारका भौतिक पुर्वाधारका काममा ध्यान दिएको, वातावरण विपद् व्यबस्थापनमा ध्यान दिएको र सबैसँग सहकार्य गरेर काम गरेका कारण नतिजा राम्रो आएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । यसैगरी जिल्लाको ८ गाउँपालिका अर्न्तगत रिब्दीकोट गाउँपालिका पाल्पा प्रथम भएको छ । लुम्बिनी प्रदेशका ७३ गाउँपालिका मध्ये दोस्रो र देशभरीका ४ सय ६० गाउँपालिका अर्न्तगत स्थानीय तह स्वमूल्याङ्कनमा रिब्दीकोट गाउँपालिका पाँचौ भएको हो। रिब्दीकोटले स्वमूल्याङ्कनको अन्तिम मूल्याङ्ककनमा ८७ दशमलव ७५ अंक प्राप्त गरेको छ । रिब्दीकोटले आ.व. ०७९/ ८० मा ७४.२५ अंक प्राप्त गरेकोमा यस पटक १३ दशमलव ५० अंक बढी प्राप्त नतिजामा सुधार गर्दै लुम्बिनी प्रदेशमा उत्कृष्ट गाउँपालिका भएको हो । गाउँपालिका अध्यक्ष नारायण बहादुर कार्कीले शुसासन, विकास निर्माण, भौतिक पुर्वाधार, बजेट निर्माण तथा कार्यान्वयन, नागरिक सेवा प्रवाहमा योजनाबद्ध रुपमा कार्ययोजनाका साथ काम गर्दै गएको कारण प्रत्येक बर्ष स्वमूल्याङ्कन नतिजामा सुधार गर्दै जनताको सेवा सुविधालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । स्थानीयतह स्वमूल्याङ्कनमा लुम्विनी प्रदेशका १८ नगरपालिका मध्ये तिलोत्तमा प्रथम र देवदह नगरपालिका द्धितिय र तानसेन नगरपालिका तृतिय भएका छन् भने ७६ गाउँपालिका अर्न्तगत रुरु क्षेत्र गाउँपालिका पहिलो, रिब्दीकोट गाउँपालिका दोस्रो भएका हुन् ।यसैगरी बगनासकाली गाउँपालिका तेस्रो भएको छ । बगनासकालीले ८५दशमलव २५ अंक प्राप्त गरेको छ । रम्भा गाउँपालिका र रैनादेवी छहरा गाउँपालिका ८४ दशमलव ७५ अंक प्राप्त गरी चौथो भएको छन् । यसैगरी रामपुर नगरपालिकाले ८० दशमलव २५ अंक, तिनाउँ गाउँपालिका ७६ दशमलव ७५ अंक, निस्दी गाउँपालिका ७६ दशमलव ५०, पुर्वखोला ७५ दशमलव २५ र माथागढी गाउँपालिका ७३ दशमलव ७५ अंक पाएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीयतह स्वमूल्याङ्कनमा फाराम आफै भर्ने र प्रमाणको आधारमा तोकिएको नम्वर दावी गर्दछन् र मन्त्रालय रुजु तथा चेक जाँच परिक्षण गरेर वास्तविक अंक सार्वजनिक गर्दै आएको छ । मन्त्रालयले, शासकीय प्रवन्धमा ९ अंक, संगठन तथा प्रशासनमा ८ अंक, वार्षिक बजेट तथा योजना तर्जुमा व्यबस्थापनमा ११ अंक, वित्तिय आर्थिक व्यबस्थापनमा ११ अंक, सेवा प्रवाहमा १६ अंक, न्यायिक कार्यसम्पादनमा ७ अंक,, भौतिक पुर्वाधारमा १३ अंक, सामाजिक समावेशीकरणमा ९ अंक, वातावरण संरक्षण तथा विपद व्यबस्थापनमा ९ अंक र सहकार्य र समन्वयमा ७ अंक गरी १०० अंकभार दिएको छ । समग्र स्थितीमा २१ प्रतिशत, प्रक्रियागत स्थितीमा ३४ प्रतिशत र परिणात्मक स्थितीमा ४५ प्रतिशत अंक भार निर्धारण गरेको छ । स्थानीयतह संस्थागत क्षामता स्वमुल्याङ्कनको कारण सेवा प्रवाहमा चुस्त दुस्त, शुसासन जवाफदेहिता, पारदर्शीता, समयमै योजनाबद्ध काम, भएका कामहरुको मुल्याङ्कन, अनुगमन तथा नागरिक तथा सामाजिक परिक्षण जस्ता कामहरुममा बृद्धि भएको छ ।

**पाल्पाका स्थानीयतहले स्वमूल्याङ्कनमा पाएको अंक**

| क्र.स. | पालिकाको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १ | तानसेन | ८८.२८ |
| २ | रिब्दीकोट | ८७.७५ |
| ३ | बगनासकाली | ८५.२५ |
| ४ | रम्भा | ८४.७५ |
| ५ | रैनादेवी | ८४.७५ |
| ६ | रामपुर | ८०.२५ |
| ७ | तिनाउ | ७६.७५ |
| ८ | निस्दी | ७६.५० |
| ९ | पूर्वखोला | ७५.२५ |
| १० | माथागढी | ७३.७५ |

# कालीगण्डकी नदीमा बेवारिसे शव फेला



**पाल्पा,** भदौ ८/कालीगण्डकी नदीमा बेवारिसे शव फेला परेको छ । जिल्लाको तानसेन नगरपालिका -१४ कमलपोखरीस्थित कालिगण्डकी नदिको किनारमा सडी गलेको अवस्थामा पुरुष व्यक्तिको जस्तो देखिने शव फेला परेको हो ।

नदी किनारमा घोप्टो अवस्थामा शव फेला परेको खबर प्राप्त हुनासाथ र जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक र प्रहरी चौकी अर्गेलीका प्रहरी सहायक निरीक्षकको कमाण्डमा गएको प्रहरी टोलीले शवको पहिचान गरी पोष्टमार्टका लागि जिल्ला अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी होम प्रकाश चौधरीले जानकारी दिए । उक्त शवको टाउकोको गिदीको भागमा केही नभएको, शवको शरीरमा कपडा नभएको र सडीगलेको अवस्थामा रहेकाले पहिचान समेत गर्न सकिने अवस्थामा नरहेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

# हरितालिका तिज पर्व सुरु, आज पहिलो दिन दर खाइँदै

**पाल्पा,** भदौ ८/हिन्दू नेपाली महिलाको महत्वपूर्ण चाड तिज आजबाट सुरु भएको छ । भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म चार दिन तिज मनाउने गरिन्छ । तिज अन्तर्गत आज पहिलो दिन दर खाएर मनाइँदै छ ।

मीठा परिकारका साथ दर खाने गरिन्छ । हरितालिका तिजको ब्रतअघि मीठा-मीठा परिकार बनाएर दर खाने प्रचलन रहिआएको छ । दरमा खिर, हलुवा, ढकनी, घिउ, दही, दूध, मिठाइ, फलफूलगायतका परिकार खाने गरिन्छ । दर खाएको भोलिपल्ट निराहार ब्रत बस्ने भएकाले त्यसको आडका लागि अघिल्लो साँझ पौष्टिक भएको खानेकुरा खाने चलन चलेको हो । दरखाने समय र स्थान भने ठाउँअनुसार फरक-फरक छ । कतै साँझमा अन्य चीज नखाई दर खाने प्रचलन छ भने कतिपय ठाउँमा पहिला खाना खाएर मध्यरातमा दर खाने गरिन्छ । धार्मिक मान्यताअनुसार सत्ययुगमा पार्वतीले शिवलाई स्वामी



पाउँ भनि निराहार ब्रत बसेको र उनको कामना पूरा भएको विश्वासका आधारमा युवतीले राम्रो पति पाउन र विवाहितले पतिको सुस्वास्थ्य, दीर्घायु र प्रगतिको कामना गर्दै ब्रत बस्ने चलन छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## संस्कृतिको तिज बन्न सकोस्

विश्वभर छरिएर रहेका नेपाली हिन्दू महिलाले चार दिनसम्म मनाउने महत्वपूर्ण पर्व हो, हरितालिका तिज । यो वर्ष आजदेखि सुरु हुँदै छ । हिन्दू पात्रोअनुसार चन्द्रमासका आधारमा प्रत्येक संवत्सरको भाद्रशुक्ल द्वितीयादेखि पञ्चमीका दिनसम्म मनाइने यस पर्वमा विशेष गरी भगवान् शिवलाई खुसी पार्न व्रत लिने र पार्वतीसहित उनको पूजाआराधना गरिन्छ ।

आज तिजको पहिलो दिन दर खाएर मनाइँदै छ । माइतीले आफ्ना चेलीहरूलाई बोलाएर विभिन्न मीठा–मीठा परिकार खुवाएर यस दिनलाई रमाइलोसँग मनाउने गर्छन् । विशेष गरी विवाह गरेर गएका छोरीचेलीहरू माइतीघरमा आएर खिर, घिउ, दूध, दही, मिठाई, फलफूललगायतका परिकारलाई दरको रूपमा खाने गर्छन् । तिजको दिन निराहार व्रत बसेर पूजा गर्ने भएकाले अघिल्लो दिन राति दर खाने चलन छ । तिजको दिन महिलाहरू नाँचगाँन गर्दै शिवको पूजा गरेर निराहार व्रत बस्छन् । तर पछिल्लो समयमा आएर महिनौं अगाडिदेखि दिदीबहिनीहरू जम्मा भएर दर खाने संस्कृति बढ्दै गएको छ । महिलाको चाड भनेर परिचित तिज आजकल भड्किलो हुँदै गइरहेको छ । तीजको नाममा दर खाने र खुवाउने प्रचलन परापूर्वकालदेखि सुरु भए पनि अहिले आएर महिनौंअघिदेखि दर खुवाउने परम्पराले विकृति पैदा गरिरहेको छ । त्यस्तै तिजलाई केन्द्रित गरेर बजारमा आएका कयौं गीतले आलोचना र अश्लीलता समेटिरहेका छन् । चर्चा पाउने नाममा कलाकारले हदसम्मको नकारात्मक सन्देश बोकेका गीतहरु तयार गरिदिंदा विकृति अझ बढेर गएको भान हुन्छ ।

तिजको आफ्नै मौलिकता छ । तिज पर्वकै बेला मात्र माइतीघर जान पाउने, नयाँ कपडा लगाउन पाउने प्रचलन प्राचीन समाजमा व्याप्त थियो । वर्षदिनमा एकपटक आफू जन्मेको धर्ती टेक्न पाउँदाको चेलीहरु खुशीमा उन्मुक्त भएर नाच्न पाउँदा आफ्ना पीर, व्यथा सबै चटक्कै भुल्दथे । आज समयसँगसँगै महिलाहरू शिक्षित र चेतनशील बन्दैछन् । यो आफैमा राम्रो हो । तर पर्वको नाममा जथाभावी फड्किलो बन्दै जानु भने दुखद् हो । तिजका पुराना लोकभाका र सन्देश आधुनिकतासँगै हराएको छ । तिजमा आएको विकृति र भड्किलो फेसनले 'हुँदाखान' महिलाहरुले तिज मनाउन नसकिरहेको स्थिति छ । केही वर्ष अघिसम्म तिजलाई महिलाहरुले आफ्ना पीर, व्यथा, वेदना अनि सुख दु:खलाई गीत संगितका माध्यमबाट अभिव्यक्त गर्थे । तिजका गीतहरुमा महिलाहरु एकत्रित भएर नाच्थे । एकआपसमा गाउँथे । तर अहिले त्यस्ता गीत सुन्न पाईदैनन् । यसो हुनु गलत हो । तसर्थ यस वर्षको तिज तडक भडक र भड्किलो होइन, सभ्य, सरल र संस्कृतिको तिज बन्न सकोस् । हरितालिका तिजका अवसरमा आमा, दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना !

## Opinion @ Social Network

पैसा मात्र होइन मान्छे पनि कमाउन सिक
मसान घाँटमा जाँदा चार लाख होइन चार जनाको जरुरत पर्छ ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बाटो सजिलो गन्तव्य असजिलो राजनीतिको



डा. गणेशप्रसाद घिमिरे

*आस्था र लोकप्रियताले आजको राजनीति सफल हुन सक्दैन भन्ने विश्वास सबैमा रहेको छ । जनताका काम र जनताका लागि आजको राजनीति गर्न सकिने अवस्था पनि छैन । आफू र आफ्नाका लागि वा नसकेमा पार्टीका लागि नै राजनीतिको वर्चस्व कायम रहेको छ आजकल त । राजनीतिमा जीवन गुजारेका र स्वस्थ राजनीति गर्ने कुनै पनि पार्टीको व्यक्ति पार्टीबाट बाहिर छ । ऊ आफूलाई स्वतन्त्र बुद्धिजीवी भन्न रुचाउने गर्दछ । छेपाराले जस्तै समय समयमा रङ्ग बदल्ने र समय अनुसार बदलिन सक्ने व्यक्ति नै राजनीतिमा सफल भएको छ ।*

बाटो, चियापसल, कफिसप, रेष्टुराँ वा लामोदूरीको यात्रामा कहिलेकाहीँ अपरिचित मानिस भेटिन्छन् । यस्ता स्थानमा भेटिने अपरिचित मानिसमा सबैको व्यवहार एकै किसिमको हुँदैन । कोही फरासिला खालका हुन्छन् र घुलमिल हुने गर्दछन् भने कोही आफूले नै भाउ खोजेर बसिरहेका हुन्छन् । भाउ दिनुभयो भने बोलिहाल्छन् र आफ्नो सम्पूर्ण इतिहास बाहिर ल्याउँछन् । यस्तै ठाउँमा जम्काभेट हुने पहिले अपरिचित कुरा गर्दै जाँदा परिचित भएको व्यक्तिलाई सोधियो के गर्नुहुन्छ ? पेशा, व्यवसाय, जागिर नगर्ने मानिसबाट सोझो उत्तर आउँछ म लेखक हुँ वा म राजनीति गर्छु । यी दुबै पेशा आजकल यति सस्ता भए किन हो नेपालमा । मानिस लेखक पनि हो । देशलाई सुधार्ने राजनीतिकर्मी पनि हो । यो सत्य हो । यी शब्द प्रयोग गर्ने मानिसलाई के लेख्नुहुन्छ ? कति कृति प्रकाशन भए ? साहित्यको कुन विधामा कलम चलाउनुभएको छ भनेर सोध्दा कतै उत्तर आउँछ कतै उही मानिस नाजवाफ हुन्छ । राजनीति गर्ने व्यक्ति त भनिहाल्छ यो पार्टीसित आबद्ध छु । नेताले केही गरेनन् । देश बर्बाद भयो । सबै युवा विदेश पलायन भए । सबैतिर देश लथालिङ्ग छ । कसरी सुधार गर्ने होला ? मानौँ देश बनाउने भन्ने जिम्मा नै उसको हातमा पार्टीले सुम्पिदिए जस्तै गरेर एकै सासमा उत्तर आउँछ । हो आजकल सुनिने र बुझिने सरल वार्तामाथिका ठाउँहरूमा तर उत्तर पनि एउटै हुन्छ सबैको । मैले केही गर्न सकिन भन्दैन । नेताले गरेनन् । उनीहरूमाथि नै दोष थोपरेर आफूलाई पवित्र बनाएको हुन्छ । कसैसित वार्तालापमा भनिने यी दुबै कामका गन्तव्य भने त्यति सजिला छैनन् । साहित्यमा स्थापित हुन गारो छ आजकल । किनेर पुस्तक पढ्दैनन् । लेखकले दिएको भए पनि उसलाई अध्ययनका लागि फुर्सद नै छैन । यही दिनचर्यामा बितेका छन् आजका मानिसका दिनहरू ।

**गन्तव्य सहज छैन :** साहित्यमा स्थापित लेखक बन्न लेखकमा प्रतिभा हुनु आवश्यक छ तर प्रतिभा नभए पनि आफूलाई लेखक ठान्ने र अब्बल दर्जाको साहित्यकार हुँ भन्ने व्यक्तिको जमात आजको नेपाली साहित्यमा देखिएको पाइन्छ । लेखकका कृतिमा समाज बोल्छ । समाजका गरिबी बोलेको हुन्छ । उसका आकाङ्क्षा र उसले बेहोरेको सामाजिक संरचना बोलेको हुन्छ । मानिसभित्र गुम्सिएर बसेका भावना बोलेका हुन्छन् तर आज साहित्यमा त्यो छैन । हाम्रा परम्परा, संस्कृति, पूर्वजले दिएका धरोहरमाथि जति डरलाग्दो तरिकाले आक्रमण गर्न सक्यो त्यो नै असल साहित्यकार । त्यस्तै असल साहित्यकारले आजको समाजलाई भताभुङ्ग पारिदिएका छन् । सबै साहित्यकार यस्तै छन् भन्ने कदापि होइन नि ! राजनीतिमा स्थापित हुनका लागि हिजोका समयमा त्याग, आस्था, विश्वास र आँटका साथै जनतामा लोकप्रिय हुन पनि आवश्यक थियो तर आज त्यस्तो अवस्था छैन । आज त आफूसित पैसा छ भने सबै किनेर नै पाउन सकिन्छ राजनीतिमा त । आस्थाको राजनीति गर्नेलाई अहिलेको पार्टी राजनीतिले विष्णुमतीमा बगाइसक्यो । आस्था र लोकप्रियताले आजको राजनीति सफल हुन सक्दैन भन्ने विश्वास सबैमा रहेको छ । जनताका काम र जनताका लागि आजको राजनीति गर्न सकिने अवस्था पनि छैन । आफू र आफ्नाका लागि वा नसकेमा पार्टीका लागि नै राजनीतिको वर्चस्व कायम रहेको छ आजकल त । राजनीतिमा जीवन गुजारेका र स्वस्थ राजनीति गर्ने कुनै पनि पार्टीको व्यक्ति पार्टीबाट बाहिर छ । ऊ आफूलाई स्वतन्त्र बुद्धिजीवी भन्न रुचाउने गर्दछ । छेपाराले जस्तै समय समयमा रङ्ग बदल्ने र समय अनुसार बदलिन सक्ने व्यक्ति नै राजनीतिमा सफल भएको छ गणतन्त्रमा । गणतन्त्रको आगमनले राजनीतिलाई जुन दिशामा लिएर गयो आज जनतामा विश्वासको वातावरण रहेको देखिँदैन । राजनीति पार्टीको झण्डामुनि बसेर गर्नु आवश्यक छ । पार्टीभन्दा बाहिर बसेर राजनीति गरियो भने पार्टीका ठूला नेतादेखि साना कार्यकर्ताको आलोचनाको तारो भइन्छ । चन्द्रमा बन्न खोजेको मानिस तारो भएमा के हुन्छ जानकार आफैं छ मानिस । राजनीतिमा स्थापित हुनका लागि चाहिने आधार आजको राजनीतिमा धेरै छैनन् । केहीमात्र भए पुग्यो । त्यो हो पैसा र आफ्नो मान्छे ठूलो पदमा । उसले तानिहाल्छ क्रेनले जस्तै उक्त व्यक्तिलाई । यही देखियो गणतन्त्रपछिको राजनीतिक इतिहास पनि । यही इतिहासमा रमाउँदै, यही प्रक्रियालाई आजका राजनीतिक पार्टीले अक्षरश: पालन गरेका छन् भन्न कर लाग्छ नेपाली जनतालाई । जनताले बुझेको पनि यही नै हो कार्यकर्ताबाहेक । राजनीति सामाजिक जीवन हो । राजनीतिमा व्यक्ति प्रमुख हुँदैन । उसले राजनीतिमा रहँदा गरेका असल कर्म र जनतामा उसका स्थापित मान्यता नै राजनीतिमा माथि उक्लने सिँढी हुनुपर्ने होइन र ? तर त्यसो हुन सकेन नेपालको राजनीति र राजनीति गर्ने उच्चपदस्थ व्यक्तिको राजनीतिक जीवन । त्यसैले सस्तो बन्यो राजनीति आजकल ।

**विरक्तिए जनता :** वर्तमान सरकारका प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष केपी ओली छन् । उनलाई राजनीतिको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसले समर्थनमात्र गरेको छैन आफैं सरकारमा गजधुम्म बनेर बसेर सहयोग गरेको छ । वर्तमान सरकारको प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उपसभामुख छिन् इन्दिरा राना । उपसभामुख पदेन संवैधानिक परिषद्को सदस्य हुने व्यवस्था संविधानमा गरिएको छ । अहिले संवैधानिक नियुक्तिमा बहुमत भएन र हामीले नियुक्त गर्ने मानिस नियुक्त नहुने भए भन्ने आवाज सरकार समर्थकबाट उठिरहेको छ । सरकारले गर्ने नियुक्तिमा सरकारले चाहेका व्यक्ति हुनु आवश्यक पनि हो । सरकारका कामको आलोचना उक्त पदमा नियुक्त भएका व्यक्तिले गर्नुहुँदैन । नियुक्ति पाएपछि नियुक्त गर्ने सरकारप्रति वफादार हुनु आवश्यक पनि हो तर कतिसम्म वफादार हुने भन्ने प्रश्नमात्र गम्भीर हो । पूर्वलाई पश्चिमभन्दा पनि पश्चिम भन्न सक्ने वफादार हुने वा नियुक्ति भएको संवैधानिक पद र नेपाली जनताप्रति वफादार हुने हो भन्ने हो । नियुक्ति गर्ने व्यक्ति र पार्टीप्रति वफादार भइएन भने अर्कोपटकका लागि ढोका नै बन्द हुन्छ । नियुक्ति हुने व्यक्तिले झेल्ने पीडा हो यो । यही पीडामा पनि रमाउन सक्ने मानिस छन् नेपालमा । धन्य हो नेपालका ठूला मानिस । संवैधानिक पदहरूमा नियुक्तिका लागि बहुमत पुगेन । बहुमत नचाहिने ठाउँमा के नियुक्ति भएका छैनन् र ? भएका छन् त नियुक्तिहरू । रमाएका छन् त नियुक्ति लिएका व्यक्तिहरू । नियुक्ति पाएका सबै व्यक्ति त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केशरजङ्ग बराल जस्ता हुन्छन् र ? लाज पचाएर भए पनि नियुक्त भएको पदमा बसिरहने परम्परा छ नि नेपालमा त होइन र ! संवैधानिक परिषद्मा आएको कठिनाइले सरकारलाई गाह्रो भएको छ । उसले आफ्ना कार्यकर्ता वा नजराना दिन सक्ने व्यक्तिलाई नियुक्त गर्न अप्ठ्यारो बनाएको छ । सहमति गरौं, उपसभामुख भएकी इन्दिराको पार्टीका प्रमुख आर्थिक अपचलनमा परेर थुनामा छन् । कुनै पद दिनु सरकारलाई समर्थन नगरेको पार्टीलाई कसरी दिनु ? त्यसैले उपसभामुखलाई नै महाभियोग लगाएपछि त खेल नै खत्तम होइन त सरकार ! राजनीति सम्भावनाको खेल हो । राजनीतिमा जे पनि हुन्छ । यो हुँदैन र यस्तो हुन्छ भन्ने नै हुँदैन राजनीतिमा त ? जनताबाट चुनिएका जनप्रतिनिधि वा सांसदले खाली कागजमा आफ्नो हस्ताक्षर गरे अरे ! पहिले पहिले साहू महाजनले खाली कागजमा हस्ताक्षर गराएर ऋण दिने गर्थे भन्ने सुनिन्थ्यो । त्यो खाली कागजमा हस्ताक्षर गर्ने वा ल्याप्चे लाउने व्यक्ति गाउँमा बस्ने, परिवार चलाउन अप्ठ्यारो परेको, जसरी पनि ऋण लिनुपर्ने बाध्यता हुन्थ्यो र लिन्थ्यो । राजनीतिमा त जनताबाट चुनिएका, मतदाता वा पार्टीबाट अनुमोदन भएका, आफूलाई जनताको प्रतिनिधिका रूपमा घोषणा गरेका, जनताका लागि हामी जे पनि गर्न तयार छौं भन्दै भाषण गर्ने व्यक्ति पो छन् होइन त ? हामीलाई त गज्जब लाग्छ हाम्रै सांसदले खाली कागजमा हस्ताक्षर गरे भनेको सुन्दा नै । उपसभामुखमाथि महाअभियोग लाग्ने हो वा होइन त्यो केही दिनपछि जानकारीमा आउला तर हाम्रा सांसद किन यति लाचार भए । खाली कागजमा नै हस्ताक्षर गर्न सहमत भए । आफ्नो विवेक किन प्रयोग गर्न सकेनन् । कतिले गरे वा कतिले गरेनन् र संख्या कति पुग्यो भन्ने मुख्य विषय होइन । पार्टी राजनीतिमा पार्टीको प्रमुखले भनेका कुरा मान्नुपर्छ । यो सत्य हो तर विवेकलाई बन्दगी राखेर गरिने यस्ता निर्णयले जनताबाट फेरि अनुमोदन भइएला र ! जनताबाट वा पार्टी जताबाट अनुमोदित भएको भए पनि तिमीहरू जनप्रतिनिधि हौ । जनप्रतिनिधि यति लाचार होला भन्ने जनतामा पक्कै पनि थिएन । पार्टीका प्रमुखसँग भन्न सक्नुपर्दछ । ठीक छ संवैधानिक परिषद्मा सरकारलाई अप्ठ्यारो पर्‍यो । यो सत्य हो तर हाम्रा होइन राम्रा नियुक्त गर्ने सिफारिश गरौं न भन्न सकिँदैन र ! हुन त नेपालमा राम्रा को नै छन् र सबै हाम्रा भएपछि । त्यसैले भनिन्छ राजनीतिमा बाटो सजिलो होला ? पार्टी प्रमुखले भनेकोमा आँखा चिम्लिन सकिएला । गन्तव्य भने धेरै टाढा छ । राजनीतिमा समर्पण हुनुपर्दछ हाम्रो देशका नेताज्यू तर अरू कसैप्रति होइन जनताप्रति ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधिकार स्थापित गर्न सक्नुहुनेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। | **तुला** : दिन ऊर्जावान रहनेछ। कार्य समयमा सम्पन्न भएको कारण मन प्रसन्न रहनेछ। |
| **वृष** : स्वास्थ्य सबल रहनेछ। चुनौतीहरूलाई पन्छाएर कार्य बनाउन सक्नुहुनेछ। | **वृश्चिक** : रचनात्मक कार्यमा मन लाग्नेछ। भेटघाटले मन उत्साहित रहनेछ। |
| **मिथुन** : व्यापार व्यवसायमा लाभ रहनेछ। अरुलाई लाभ पुर्‍याउन सक्नुहुनेछ। | **धनु** : नयाँ अवसर गुम्नेछ। परिस्थितिलाई सहज बनाउन सकिनेछ। |
| **कर्कट** : कार्यक्षेत्रमा पछाडि परिनेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। | **मकर** : अवसरको लागि केही दौडधुप गर्नु पर्ला। अध्यात्मतर्फ रुचि बढ्नेछ। |
| **सिंह** : महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। समयमा कार्यसम्पादन गर्न सकिनेछ। | **कुम्भ** : भौतिक संसाधन जुटाउन सकिनेछ। जीवनसाथीसँग आत्मीयता बढ्नेछ। |
| **कन्या** : उपयुक्त समयको प्रतिक्षा गर्नुहोस्। उद्योग व्यापारमा सोचेजस्तो लाभ हात नलाग्ला। | **मीन** : सोचेजस्तो सफलता प्राप्त नहोला। बन्दै गरेको काममा बाधा आउनेछ। |

# शिक्षा

# ब्रिटिस कलेजले 'छैटौं ब्रिटिस कप' इन्टर कलेज फुटसल प्रतियोगिता गर्दै

द ब्रिटिस कलेज (टीबीसी)ले 'छैटौं ब्रिटिस कप- २०२५ इन्टर कलेज फुटसल टुर्नामेन्ट'को आयोजना गर्ने भएको छ। यस प्रतियोगितामा पहिलो पटक दुई अलग-अलग डिभिजन समावेश गरिएको छ । यही अगस्ट २५ देखि २९ सम्म बालुवाटारस्थित धुकु फुटसल ग्राउन्डमा प्रतियोगिताको आयोजना हुने भएको हो । सन् २०१८ देखि कलेजले निरन्तर रूपमा आयोजना गर्दै आएको प्रतियोगितामा विभिन्न कलेजहरूले सहभागिता जनाउने भएका छन् । यस पटक +२ कलेजहरू अन्तर्गत नाइटिङ्गेल कलेज, चेल्सी कलेज, डीएभी, एलआरआई, भृस्पती कलेज, बीएमसी, एआईटीएम, ओरिएन्टल, भीएस, समृद्धि कलेज, ब्लूवर्ड, डियरवाक, उल्लेन्स, ट्रिनिटी इन्टरनेशनल कलेज, एभरेष्ट फ्लोरिडा, ओरिएन्ट, सीआरसी, ग्लोबल कलेज, क्यास्पियन भ्याली, काष्ठमण्डप, मनास्लु +२ले प्रतियोगितामा सहभागिता जनाउनेछन् । त्यस्तै स्नातक कलेजहरू अन्तर्गत विरिन्ची कलेज, द ब्रिटिस कलेज, ब्रिटिस प्रोफेशनल कलेज (BPC), द वेस्टमिनिस्टर कलेज (TWC), थेम्स कलेज, सफ्टवैरिका कलेज, आईएससीएमटी, एपेक्स कलेज, हेराल्ड कलेज, एआईटीएम, टेकस्पायर कलेज, नाथएम, प्रेसिडेन्सियल कलेज, एलए कलेज, नागार्जुन कलेज, एआईएमएस, ट्रिनिटी




कलेज, वेदस कलेज, साईम, काठमाडौं बिजनेस क्याम्पस, इनसाइट भिजन कलेज तथा आयोजक ब्रिटिस कलेजले सहभागिता जनाउने छन् । प्रतियोगिताको बिजेताले १ लाख रुपैयाँ तथा उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्ने छन् । त्यस्तै, उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर, सर्वाधिक गोलकर्ता र फेयर प्ले टिमलाई पनि ५ हजार रुपैयाँ देखि १० हजार रुपैयाँ सम्मको नगद पुरस्कारले सम्मान गरिनेछ । ब्रिटिस कलेजका मार्केटिङ हेड/प्रमुख अमरदीप मण्डलले छैटौं संस्करणको प्रतियोगिता गर्न पाउँदा आफूहरू निकै खुसी भएको बताएका छन् । यस प्रतियोगिताको मुख्य उद्देश्य टिमवर्क र स्पोर्टसम्यानसिपलाई प्रोत्साहित गर्नु रहेको बताउँदै उनले नयाँ +२ डिभिजन थपिएकोमा खुसी व्यक्त गरे । उनले भने, "यसपटक +२ डिभिजन थप गरेर हामीले थप विद्यार्थीहरूलाई यो प्रतियोगितामा सहभागी हुने अवसर दिएका छौं । हामीले प्रतियोगितालाई अझै परिष्कृत गर्दै लगेका छौं र यसको सफल आयोजनाका लागि सहयोग गर्नुहुने सबै प्रायोजक, सहभागी टिम र कलेजका सहकर्मीहरूलाई धन्यवाद दिन चाहन्छु।" उनले प्रतियोगिता स्थलमा उल्लेख्य सङ्ख्यामा दर्शकको उपस्थिति रहने पनि आशा व्यक्त गरेका छन् ।

*-रातोपाटी डटकम*

# आईआईसी इनोभेक्स ३.० सम्पन्न

नेपालकै सबैभन्दा ठूलो विद्यार्थी-नेतृत्वको नवप्रवर्तन र उद्यमशीलता महोत्सव 'आईआईसी इनोभेक्स ३.०' तीन दिनको भव्य यात्रापछि सफलतापूर्वक सम्पन्न भएको छ । भदौ ४ देखि ६ गतेसम्म इटहरी इन्टरनेशनल कलेजमा आयोजना गरिएको यस महोत्सवले देशभरका १६ वटा कलेजका विद्यार्थीलाई एउटै मञ्चमा ल्याउँदै सिर्जनात्मकता, प्रतिस्पर्धा र प्रेरणाको नयाँ उचाइ कायम गरेको छ । यो महोत्सव केवल प्रतिस्पर्धा मात्र नभई सहभागी विद्यार्थीहरूका लागि एक परिवर्तनकारी अनुभव बनेको आयोजकले जनाएका छन् । 'फाइनान्सियल फिट', 'लिगल सिम्पोजियम', 'मार्केटिङ माभेन' र 'सिइओ क्रोनिकल्स' जस्ता कार्यक्रममार्फत विद्यार्थीहरूले आफ्नो शैक्षिक ज्ञानलाई व्यावहारिक जगतमा उतार्ने अवसर पाए । प्रस्तुतिहरूमा विद्यार्थीहरूले वास्तविक समस्यालाई केन्द्रमा राखी समाधान प्रस्ताव गर्दा निर्णायक मण्डल, उद्योग विज्ञ र दर्शक प्रभावित बने । प्रतिस्पर्धाको अन्तिम दिन उत्कट प्रस्तुति पछि विराटनगर इन्टरनेशनल कलेज विजेता बन्न सफल भयो भने एसीई इन्स्टिच्युट अफ म्यानेजमेन्ट पहिलो रनरअप र हेराल्ड कलेज काठमाडौं दोस्रो रनरअप बने । निर्णायकहरूले मौलिक विचार, स्पष्ट रणनीति र आत्मविश्वासपूर्ण प्रस्तुति प्रस्तुत गर्न सक्ने टोलीलाई उच्च अङ्क दिएका थिए । इन्नोभेक्समा विजेताहरूलाई कलेजका प्रमुख कार्यकारी अधिकृत सत्यव्रत कोइराला, कार्यक्रम लिडर अच्युतराज भट्टराई तथा कलेजका विभिन्न पदाधिकारीहरूले नगद पुरस्कारसहित ट्रफी प्रदान गरे । यस संस्करणमा देशभरका २०० भन्दा बढी विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता रह्यो




। समूहगत र व्यक्तिगत दुवै किसिमका कार्यहरूमा प्रस्तुत भएका मौलिक विचारहरूले महोत्सवलाई अझ रोचक बनाएको थियो । उद्योग विज्ञ, शिक्षाविद् र मिडियाको उल्लेखनीय चासोले यसलाई राष्ट्रिय स्तरको महत्त्वपूर्ण कार्यक्रममा परिणत गऱ्यो । विद्यार्थी, पेशेवर र सम्भावित रोजगारीदाताबीचको बलियो नेटवर्किङ र सहकार्य यस महोत्सवको अर्को उपलब्धि रह्यो । यस्ता कार्यक्रममा विद्यार्थीले आफ्नो सीप, विचार र क्षमता प्रस्तुत गरेर मात्र सीमित हुँदैनन्, उनीहरूले भविष्यको पेसागत जीवनमा आवश्यक हुने व्यवहारिक अनुभव पनि आर्जन गर्छन् । अध्ययन कक्षाभित्र सिकाइएका विषयलाई वास्तविक संसारसँग जोड्ने खालका प्रस्तुतिले विद्यार्थीलाई आलोचनात्मक सोच, समस्या समाधान गर्ने सीप र नेतृत्व क्षमतामा परिष्कृत बनाउँछ । यस्ता कार्यक्रमले समग्र विद्यार्थी समुदायलाई विभिन्न किसिमले फाइदा पुऱ्याउँछ। पहिलो, प्रतिस्पर्धामार्फत आत्मविश्वास र प्रस्तुति क्षमता अभिवृद्धि हुन्छ । दोस्रो, सहपाठीसँगै सहकार्य गर्दै काम गर्न सिक्दा टोलीगत भावना मजबुत हुन्छ । तेस्रो, उद्योग विशेषज्ञहरूसँगको प्रत्यक्ष सम्पर्कले विद्यार्थीलाई भविष्यका अवसरबारे स्पष्ट दृष्टिकोण दिन्छ । चौथो, मौलिक सोचलाई प्रोत्साहन गर्ने वातावरणले युवामा उद्यमशीलता संस्कारलाई बढावा दिन्छ । यी सबै गुणहरूले विद्यार्थीलाई पढाइ मात्र होइन, जीवन र करियरको यात्रामा पनि प्रतिस्पर्धी बनाउन सहयोग गर्छ । समापन समारोहमा आयोजक टोलीले सहभागी कलेज, मार्गदर्शक र सहकार्य साझेदारलाई धन्यवाद व्यक्त गर्दै आईआईसी इनोभेक्स ३.० ले फेरि एक पटक नेपाली विद्यार्थीहरूको विश्वस्तरीय क्षमता प्रमाणित गरेको उल्लेख गऱ्यो । उनीहरूका अनुसार यस्ता मञ्चले शिक्षा र उद्योगबिचको दूरी घटाउँदै व्यवहारिक अनुभवमा आधारित सिकाइलाई प्रोत्साहन गर्ने काम गर्छ । तेस्रो संस्करण सफलतापूर्वक सम्पन्न भएपछि आयोजकहरूले आगामी वर्ष आईआईसी इनोभेक्स ४.० अझ ठूलो प्रभावका साथ प्रस्तुत गर्ने योजना सार्वजनिक गरेका छन् । यसले नेपाली युवालाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन थप प्रेरणा र अवसर दिने अपेक्षा राखिएको छ । *-हाम्रा कुरा डटकम*

# स्कुल गुणस्तरीय छ कि छैन, कसरी थाहा पाउने ?

**प्रविज्ञ रेग्मी**

कक्षा ८ मा पढ्दै गरेकी अञ्जली प्राय: सबै विषयमा अनुत्तीर्ण हुन्थिन् । यो शृंखला कक्षा ४ देखि चलेको थियो । स्कुलमा अञ्जली पढ्ने स्वभाव नभएकी वा ढिला पनि भनिन्थ्यो । अभिभावक दिक्क थिए । शिक्षक र स्कुलले यो अवस्थालाई कसरी समाधान गर्ने भनेर छलफल पनि गरे। तर समस्या ज्युँकात्युँ रह्यो । अभिभावकले स्कुल फेर्ने निर्णय गरे। उनीहरूको खोज गुणस्तरीय स्कुल थियो जहाँ अञ्जलीको सबैथोक प्रगति होस् । तर एक प्रश्न तेर्सियो – कस्तो होला त्यस्तो आदर्श स्कुल? कसरी थाहा हुन्छ स्कुल स्तरीय छ वा छैन भनेर ? यो एक प्रतिनिधि प्रश्न मात्र हो । धेरैले स्कुलको गुणस्तरलाई अमूर्त मान्छन् र यसको लेखाजोखा गर्न नसकिने भन्छन् । तर के साँच्चै स्कुलको स्तर नाप्न वा जोख्न नमिल्ने हो र ? यो लेखमा यसैको विश्लेषण गर्नेछु । आशा छ, यसका तथ्यगत बुँदाहरूले स्कुल आफैलाई पनि मूल्यांकन गर्ने आधार दिनेछ र अन्यलाई स्कुलको स्तर आकलन गर्न सघाउ पुग्नेछ । र, अन्त्यमा अञ्जलीको यस अवस्थालाई के गर्नुपर्ने हो, त्यसको आधार दिनेछु । स्कुलको स्तर हुन्छ र यो विभिन्न मानदण्ड प्रयोग गरेर लेखाजोखा गर्न सकिन्छ । तसर्थ यो पूरै अमूर्त होइन, यो गुणात्मक अध्ययनको भाग हो। तर स्तरीय स्कुलमा सबै विद्यार्थी सफल हुन्छन् भन्ने छैन । यहाँ अर्को प्रश्न फेरि तेर्सिन्छ, स्तरीय स्कुलमा सबै विद्यार्थीको सफलताको सुनिश्चितता छैन भने कसरी स्कुल स्तरीय भयो त ? ओइसिडी र पिसाको अध्ययनले स्कुलको गुणस्तर र विद्यार्थी सफलताको सहसम्बन्ध तथ्यांक विन्दु ०.५ देखाउँछ । यो भनेको मध्यम तर अर्थपूर्ण सहसम्बन्ध हो ।

तथ्यांकशास्त्र अनुसार विन्दु १ ले पूर्ण सहसम्बन्ध देखाउँछ भने ० ले सहसम्बन्ध नभएको इंगित गर्छ । तसर्थ स्कुलको स्तरले मात्रै विद्यार्थी सफलताको पूर्ण प्रत्याभूति दिँदैन । विद्यार्थी सफलताको अर्को महत्त्वपूर्ण पक्ष छ, त्यसलाई विद्यार्थीको शैक्षिक अनुभव भनिन्छ । यो भनेको विद्यार्थीको व्यक्तिगत सिकाइ अनुभव हो । यहाँ दुई तत्वहरू रहे, पहिलो स्कुलको स्तरीयता र दोस्रो त्यहाँ विद्यार्थीको व्यक्तिगत सिकाइ अनुभव । पहिला हेरौं गुणस्तरीय स्कुल नापजोखका मानदण्डहरू । स्तरीय स्कुलका मानकहरूलाई सामान्यीकरण गर्दा यसका तीन आयामहरू अनुसन्धानले पहिल्याउँछ । बुझौं – यदि शैक्षिक प्रणाली इन्जिन हो भने सिकाइ वातावरण त्यस गाडीभित्रको इन्धन र हावाको सन्तुलन हो । खाका वा शैक्षिक ढाँचा भनेको च्यासिस, गियर इत्यादिको बनावट र गाडीको नियन्त्रणहरू हुन् । यी सबैको समन्वयमा गाडीले हामीलाई गन्तव्यमा पुऱ्याउँछ । प्रणाली भन्ने शब्दले त्यस स्कुलको नीति, स्रोत र अभ्यासहरूलाई समेट्ने समग्र संरचनालाई जनाउँछ । यसले प्रभावकारी शिक्षण र सिकाइलाई सहज बनाउँछ । यसभित्र स्पष्ट शैक्षिक उद्देश्यहरू, त्यसका मापदण्डहरू र जबाफदेयिता पर्छन् । स्कुल प्रशासनको मूलभूत स्वरूप यसैमा रहन्छ । शैक्षिक लक्ष्यहरू र तिनका कार्यान्वयनका रणनीतिबीच समन्वय यसले गर्छ । अर्को भाषामा भन्दा प्रणालीले प्रशासनको गन्तव्यको निर्धारण गर्छ वा स्तरीय स्कुलमा शैक्षिक स्तरका लागि प्रशासन उद्देश्यपूर्ण र परिभाषित लक्ष्यतर्फ उन्मुख हुन्छ । यसलाई स्कुलको मान्यता र शैक्षिक नीति हेरेर पहिल्याउन सकिन्छ । प्रणाली भित्र पाठ्यक्रम र मूल्यांकन रहन्छन् । पाठ्यक्रमले विद्यार्थीले प्राप्त गर्न पर्ने ज्ञान, सीप र चरित्र निर्माणलाई निर्दिष्ट गर्छ र मूल्यांकनले विद्यार्थीका प्रगति निगरानी र शिक्षण प्रक्रियालाई मार्गदर्शन गर्छ । पाठ्यक्रमको स्तर र मूल्यांकनका सूचक हेरेर स्कुलको स्तरीयताको पहिचान गर्न सकिन्छ । शिक्षक विकास र शिक्षकलाई दिइने टेवा पनि प्रणाली भित्र पर्छ । यसको अर्थ योग्य शिक्षकको भर्ना, निरन्तरको व्यावसायिक विकास र शिक्षण अभ्यासलाई सशक्त बनाउन परिचालन गरिने स्रोत र त्यस्ता कार्यको व्यवस्थापन हो । भौतिक पूर्वाधारलाई पनि प्रणाली अन्तर्गत समेटिन्छ । यसमा कक्षाकोठाका आवश्यक संसाधन र सिकाइ अनुकूलको संरचना, कार्यगत बनावट, विद्यार्थी सुरक्षा पर्छन् जसलाई अवलोकन गरेर स्तरीयता आकलन गर्न सकिन्छ । यस्तै गरी प्रणालीमा समुदाय र सरोकारवालासँगको सहकार्य जसमा विद्यार्थीको सिकाइलाई सहयोग दिने विद्यालय, परिवार र समग्र समुदाय बीचको सम्बन्ध रहन्छ । यी सबै पक्षहरू एक अर्कासँग अन्तरसम्बन्धित छन् र प्रणालीको प्रभावकारिता यिनको समन्वयमा निर्भर गर्छ। उल्लेख्य के छ भने राम्रोसँग निर्माण गरिएको पाठ्यक्रम कार्यान्वयन गर्न सक्षम शिक्षक, आवश्यक स्रोतहरू र प्रभावकारी मूल्यांकन पद्धति चाहिन्छ । त्यस्तो समन्वय भएकालाई गुणस्तरीय स्कुल भनिन्छ । गुणस्तरीय स्कुलहरूको अति नै महत्त्वपूर्ण अर्को मानक हो– सिकाइ वातावरण । घाम, ठिक्क पानी, पोषणयुक्त माटो भएमा फूल आफै फक्रिन्छ । तिनको सन्तुलन नभए परिणाम अर्कै आउँछ । यही उदाहरणलाई सिकाइको वातावरणसँग दाँज्न मिल्छ । शैक्षिक वातावरण भनेको सही बाह्य वातावरण सहितको भावनात्मक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक परिवेशको समग्रता हो, जसले सिकाइ र अध्यापनलाई स्वरूप दिन्छ । शिक्षाविद जी. अर्थम्यानको अध्ययनले सुरक्षित, सफा, उज्याला कक्षाकोठा, सजिलै बस्न र दायाँबायाँ चल्न मिल्ने ठाउँ, पुस्तक, सिकाइ सामग्री उपलब्धता, शिक्षकको ध्यान पुग्न सक्ने कक्षा बनावट, प्रविधिको पहुँच र २० देखि २५ सम्म विद्यार्थी संख्या भएका कक्षाहरूमा विद्यार्थीहरूको शैक्षिक प्रदर्शन उच्च भएको देखाएको छ । प्राज्ञिक, सामाजिक र भावनात्मक शिक्षाका लागि काम गर्ने संस्था 'क्यासेल' को अनुसन्धानले भावनात्मक सुरक्षा भएका स्कुलमा विद्यार्थी सहभागिता र व्यवहारमा सुधार आउने देखाउँछ। क्यासेलको खाकाले अपनत्व, विश्वास, भावनात्मक टेवा, विद्यार्थीका प्रयासलाई सम्मान र प्रोत्साहन दिने, असफलताको डर बिना खुला सोच र जिज्ञासालाई प्रेरणा दिने वातावरणलाई छुटाउन नहुने बताउँछ । शिक्षक विद्यार्थी र सहपाठीबीच सकारात्मक सम्बन्ध हुने, समूहमा मिलेर बस्ने, सहकार्य गर्ने, शिक्षकको सहानुभूति, निष्पक्ष व्यवहार भएको वातावरणमा विद्यार्थीहरूको सफलता उच्च हुने अध्येता बिके हम्रे भन्छन् । यस्तै युनेस्कोको अध्ययनले समावेशिता र समानताको वातावरण, भाषा, संस्कृति इत्यादिका विविधता स्वीकार गरिने, भेदभाव नभएको परिवेशमा विद्यार्थीको विकास तीव्र हुने देखाउँछ । उपर्युक्त पक्षहरू स्तरीय विद्यालयका सामाजिक-भावनात्मक मानकहरू हुन् । तिनका अभ्यासका आधारमा विद्यालय गुणस्तरको निष्कर्ष निकाल्न सकिन्छ । स्पष्ट शैक्षिक खाका भएकालाई गुणस्तरीय स्कुल भनिन्छ । यो स्तरीयताको तेस्रो आयाम हो । यसलाई स्कुलको शैक्षिक कार्यक्रम भनेर पनि चिनिन्छ। शैक्षिक कार्यक्रम बिना स्कुलहरू कहिल्यै पनि स्तरीय बन्दैनन् । यसको गुदीमा पाठ्यक्रम संरचनाले के पढाइन्छ र कसरी अध्यापन गरिन्छ भन्ने निर्धारण गर्छ । यसले विषय ज्ञान, त्यसका कौशल र विषयहरूबीच ज्ञानको विकासलाई सुनिश्चित गर्छ । उदाहरणका लागि, यस भित्र आलोचनात्मक वा मौलिक सोच, रचनात्मक सिकाइ, सहकार्य (बिना प्रतिस्पर्धाको वातावरण) र प्रभावकारी सूचना आदानप्रदान पर्छन् । यसपछि सिकाइ नतिजा पर्छ। यस अवस्थामा शिक्षकहरूले आफ्ना विषयका दक्षता स्पष्ट निर्धारण गर्छन्। यस भित्र उमेर अनुसारको उपयुक्त बौद्धिक विकास, चुनौतीका सन्तुलन इत्यादि रहन्छन् । विद्यार्थीका सोचमा आएका परिवर्तनलाई सिकाइ नतिजाका आधारमा परिस्कृत गरिन्छ । पढाइलाई विश्वव्यापी मापदण्डसँग मेल गराइन्छ । विद्यालयको शैक्षिक कार्यक्रमले शिक्षा प्रक्रिया र ज्ञानको समग्रतालाई जोड्छ । हाम्रो परिप्रेक्ष्यको कुरा गर्दा नेपालको पाठ्यक्रम विश्वस्तरमा कहाँ छ त्यसको जानकारी राखिन्छ र त्यसै अनुरूप स्तरीय स्कुलले यसलाई काँटछाँट र स्तरीकृत गर्छन् । गुणस्तरीय स्कुलको केन्द्रमा अध्यापन रणनीति वा विधिशास्त्र आउँछ । यहाँ सिकाइ उद्देश्य र विद्यार्थी आवश्यकतासँग मेल खाने रणनीतिहरूका प्रयोग पर्छन् । स्तरीय स्कुलले पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्यांकन बीचको सम्बन्ध सुनिश्चित गर्छन् । यो भनेको सिकाइका उद्देश्य, प्रक्रिया र मूल्यांकनको तादात्म्यता हो । उपर्युक्त तत्वहरू केलाउँदा स्कुलको स्तर थाहा पाउन सकिन्छ । स्मरण रहोस्, तिनले विद्यार्थीको सफलता जनाउँदैनन् । विद्यार्थी सफलता भनेको स्कुलको स्तरीयताको समग्रताले उनीहरूको सिकाइ अनुभवमा पार्ने प्रभाव हो । या यसरी बुझौं, स्तरीय स्कुलले विद्यार्थीहरूलाई सही मञ्च प्रदान गर्ने मात्र हो। स्तरीय स्कुलको मानदण्डको उद्देश्य विद्यार्थीको सिकाइ अनुभवलाई सुदृढ गर्नु हो । स्तरीय सिकाइ अनुभवका लागि स्कुलको अहम भूमिका रहन्छ । तर अञ्जलीजस्ता संघर्षरत विद्यार्थीका लागि उनको सिकाइ अनुभव नै सफलताको मुख्य कारक हुन्छ । क्रियाशील सिकाइले विद्यार्थीलाई शिक्षा प्रक्रियामा ल्याउँछ र ती प्रक्रियालाई कुशल शिक्षकले प्रभावकारी कार्यान्वयन गर्न सक्छन् । यसका लागि अञ्जलीको आवश्यकता अनुसार स्कुलले शिक्षण रणनीतिको परिवर्तन, शिक्षकको समानुभूतिपूर्ण व्यवहार र अञ्जलीको नियमित अभ्यास प्रमुख छन् । सहसम्बन्धको तथ्यांक केलाउँदा प्रभावकारी शिक्षक र विद्यार्थी सफलताको विन्दु ०.७ सम्म हुने अध्येता हन्सेक बताउँछन् । त्यस्तै स्कुलको स्तरीय परिवेशको विन्दु ०.६ सम्म रहेको तथ्यांकले देखाउँछ । र, अन्त्यमा स्कुलको शैक्षिक नेतृत्व (शैक्षिक प्रशासन) र विद्यार्थी सफलताको विन्दु स्वरेसको अध्ययनमा ०.८ सम्म पाइएको छ । पुनश्च: तथ्यांकशास्त्र अनुसार विन्दु १ ले पूर्ण सहसम्बन्ध देखाउँछ भने ० ले सहसम्बन्ध नभएको संकेत गर्छ । समग्रतामा अनुसन्धान भन्छ, स्कुलको स्तरीयता र विद्यार्थीको सिकाइको स्तर नै स्कुल र विद्यार्थी सफलताका कारण हुन्। तिनलाई तीन प्रमुख तत्वहरूले मूर्त रूपमा निर्धारण गर्छन् प्रभावकारी शिक्षक, स्कुलमा सिकाइको वातावरण र स्कुलको शैक्षिक नेतृत्व जसले शिक्षा प्रणाली र यसको रूपरेखा जीवन्त बनाउँछ ।

*-सेतोपाटी डटकम*

# गोरुसिङ्गे-सन्धिखर्क स्तरोन्नतिपछि पर्यटक लाभान्वित



**अर्घाखाँची,** भदौ ८/पूर्व-पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे-सन्धिखर्क सडक विस्तार तथा स्तरोन्नति गरेपछि सुपादेउराली पुग्ने पर्यटक लाभान्वित भएका छन् । साँघुरो खाल्टाखुल्टीसहितको पुरानो र जीर्ण बनेको गोरुसिङ्गे-सन्धिखर्क खण्डलाई फराकिलो बनाउने, नाली निर्माण गर्ने र कालोपत्र गर्ने काम गरेपछि आजभोलि यात्रा सहज भएको हो ।

गोरुसिङ्गेबाट सदरमुकाम सन्धिखर्कसम्म करिब ६८ किलोमिटर सडक स्तरोन्नति गरिएको छ । केही ठाउँमा सात मिटर र केही स्थानमा पाँच मिटर चौडाइमा सडक फराकिलो बनाइएको सडक डिभिजन कार्यालय शिवपुरका डिभिजन प्रमुख एवं इञ्जिनीयर सविन कोइरालाले बताए । उनका अनुसार गोरुसिङ्गेबाट सन्धिखर्कसम्म ६७ दशमलव पाँच किमी सडक कालोपत्र गरिएको छ । पूर्व-पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे सन्धिखर्क सडक विस्तार तथा मर्मत कार्य तीव्रगतिमा अघि बढेको थियो । गत आर्थिक वर्षमा पहिरो रोकथाम तथा स्तरोन्नतिमा रु एक करोड, मर्मतमा एक करोड ५० लाख, सडक सुरक्षामा ५५ लाख, सडकको अत्यधिक मर्मतमा दुई करोड रकम खर्च भएको प्रमुख कोइरालाले जानकारी दिए । वर्षामा आउने पहिरोले सडकअवरुद्ध हुने भएकाले नियमित सञ्चालनका लागि दुई वटा पहिरो पन्छ्याउन प्रयोग गरिने उपकरण तयारी अवस्थामा राखिएको छ । ठाँडामा जेसिभी र नरपानीमा लोडर तयारी अवस्थामा राखिएको उनले बताए । गोरुसिङ्गे-सन्धिखर्क खण्डअन्तर्गत शितगङ्गा नगरपालिकाको बसेरीको जङ्गल, अमराई, रिब्दी, सितापुर तथा सन्धिखर्क नगरपालिकाको नरपानीबाट फुद्बाङ्गसम्मको सडकमा पहिरोको उच्च जोखिममा रहेका डिभिजन प्रमुख कोइरालाले उल्लेख गरे । उनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा सडक मर्मत तथा स्तरोन्नतिका लागि आठ करोड ४० लाख बजेट प्राप्त भएको छ । यो खण्ड स्तरोन्नति गरिएपछि विशेष गरी शक्तिपीठका रूपमा रहेको सुपादेउराली मन्दिरमा आउने धार्मिक पर्यटकलाई सहज भएको कोइरालाको भनाइ छ । अवरोधबिना यात्रा गर्न पाएपछि मन्दिर दर्शनका लागि आउने आन्तरिक तथा बाह्य पर्यटक लाभान्वित भएका उनले बताए । "यसअघि सुपादेउराली मन्दिरमा पुगेका जो कोहीले चट्टानी भिरमा रहेको साँघुरो र डरलाग्दो सडक सम्भन्थे । त्यही चट्टानी डरलाग्दो भिरमा रहेको साँघुरो सडक फराकिलो बनेपछि मन्दिर आउने धार्मिक पर्यटकलाई सहजता भएको छ", उनले भने । उक्त खण्डमा कडा चट्टान भएकाले नयाँ प्रविधि 'रक एन्चोज' प्रयोगमार्फत ड्रिल गरेर आरसिसी ढलान गरी सडक विस्तार गरिएको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख कोइरालाले जानकारी दिए । यसअघि लाहुरेबजारबाट सुपा मन्दिरसम्म सडकको चौडाइ चार दशमलव पाँच मिटर हुँदा यातायात आवागमनमा कठिनाइ हुँदै आएको थियो । सडक डिभिजन शिवपुरले सडक स्तरोन्नति गरी नौ मिटर चौडाइको बनाएको हो । जिल्ला सदरमुकाम जोड्ने पुरानो र महत्त्वपूर्ण मार्गका रूपमा रहेको गोरुसिङ्गे-सन्धिखर्क खण्डको लाहुरेबजारबाट सुपा मन्दिरसम्म करिब तीन सय मिटर कडा चट्टान र भिरालोका कारण सात्रा सैर्षपूर्ण बनेको थियो । सडक डिभिजन कार्यालय शिवपुरबाट नयाँ प्रविधिको प्रयोग गरी वाल निर्माण गरिएको प्रमुख कोइरालाले उल्लेख गरे । नेपालको प्रसिद्ध धार्मिकस्थल सुपादेउरालीमा आउने धार्मिक पर्यटकको सङ्ख्या वृद्धि गर्न तथा सुपादेउराली आसपासका पर्यटकीय गन्तव्य नरपानीको डाँडाको प्रचारप्रसार हुने अपेक्षा लिइएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष हरि खनालले बताए । "नरपानीडाँडा चिसो हावा र चिसो पानीले प्रशिद्ध छ । यहाँबाट मनमोहक दृश्यहरूसँगै हिमाल देख्न पाइने हुँदा गर्मीयाममा तराईबाट गर्मी छल्न यहाँ पर्यटक आउने गर्छन् । यहाँ भारतबाट आउने पर्यटकको सङ्ख्या पनि पछिल्लो समय वृद्धि हुँदै गएको छ", उनले भने । मन्दिरको दर्शन गर्न अर्घाखाँची, कपिलवस्तु, दाङ, प्यूठान, गुल्मी, रुपन्देहीलगायत जिल्लाबाट पर्यटक आउने जनाउँदै भारतको उत्तर प्रदेश, विहारबाट पनि धार्मिक पर्यटक यहाँ आउने गरेका सन्धिखर्क-७ का वडाध्यक्ष चुराबहादुर केसीले बताए ।

यहाँ आएका धार्मिक पर्यटकलाई खाँचीकोट हुँदै, एसियाकै सबैभन्दा ठूलो भगवती देवीको मूर्ति रहेको अर्घा भगवती मन्दिर र अर्घा दरबार क्षेत्रसम्म पुर्‍याउने योजनासहित गरपालिकाले काम अगाडि बढाएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । सुपादेउरालीमा आएका भक्तजनका लागि लक्षित गरेर भौतिक संरचना निर्माण गर्न थालिएको उनले जानकारी दिए । सुपादेउरालीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वास रहिआएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष खनालले बताए । कडा चट्टानकाबीच निर्माण भएको सडक र सोही सडकको छेउमा मन्दिर छ । यहाँ आएर राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा उच्च पदमा पुगेका व्यक्तिलेसमेत दर्शन गर्छन् । कुनै समस्या आएकामा सुपादेउरालीलाई भाकल गरे समस्या टर्ने विश्वास रहिआएको छ । सोही कारणले यहाँ पाठी, बोका, भाकल गरी बलि चढाउने गरिन्छ । - *रासस*

## खेलकुद समाचार

### लुम्बिनी लाभाजमा रसियन खेलाडी अनुबन्ध



**काठमाडौं,** भदौ ८/एभरेस्ट महिला भलिबल लिगको फ्रेन्चाइज टोली लुम्बिनी लाभाजले रसियन खेलाडी भेरोनिका जुवरेभलाई अनुबन्ध गरेको छ । नेपाल भलिबल सैको सहकार्यमा इन्फिनिटी ड्रिम्स प्रा. लि. ले आयोजना गर्ने प्रतियोगितामा लुम्बिनीले रसियाकी आउटसाइड हिटर जुवरेभलाई अनुबन्ध गरेको हो । जुवरेभ मिडल ब्लकर पोजिसनमा बलियो उपस्थिति जनाउने खेलाडीका रूपमा चिनिन्छिन् । उनले रसियाको विभिन्न शीर्ष लिग र क्लबहरूमा खेल्दै आएकी छिन् । बलियो ब्लकिङ, तीव्र प्रतिक्रिया क्षमता र नेट अगाडि निर्णायक अङ्क दिलाउने उनको कौशलता टोलीका लागि महत्त्वपूर्ण योगदान हुने लुम्बिनी लाभाजले जनाएको छ । टोलीलाई अझै सशक्त बनाउन अन्य दुई विदेशी खेलाडीको नाम केही दिनमै सार्वजनिक गरिने टिम म्यानेजर स्तुति निरौलाले बताए । यसअघि सम्पन्न अक्शनमार्फत लुम्बिनीले नेपाली महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीसहित कमला विष्ट, अलिसा मानन्धर, शान्तिकला तामाङ, अनुसा चौधरी, रोमा महतो, जेनिसा विश्वकर्मा र रिकजना माझीलाई अनुबन्ध गरिसकेको छ । दोस्रो संस्करणको एभरेस्ट महिला भलिबल लिग आउँदो भदौ २० देखि २८ गतेसम्म पोखरामा हुँदैछ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक घट्यो



**पाल्पा,** भदौ ८/सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार १८ दशमलव २ अंकले घटेको छ । अघिल्लो दिनको तुलनामा ० दशमलव ६५ प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ७ सय ३९ दशमलव ९५ विन्दुमा ओर्लेर बन्द भएको हो ।

आइतबारको गिरावटसँगै तीन दिनदेखि नेप्से लगातार घटिरहेको छ । पहिलो दिन ३ सय २३ कम्पनीको एक करोड ४० लाख नौ हजार ७ सय ८ कित्ता शेयर ५८ हजार १ सय ५ पटक खरिदबिक्री हुँदा छ अर्ब ५४ करोड ८६ लाख ३८ हजार ३ सय ३५ दशमलव ९२ को कारोबार भएको छ । उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८८, विकास बैंक एक दशमलव ६९, वित्त शून्य दशमलव ५३, होटल तथा पर्यटन शून्य दशमलव ६८ र जलविद्युत् एक दशमलव १९ प्रतिशतले घटेको छ । त्यस्तै, लगानी शून्य दशमलव ७८, जीवन बिमा शून्य दशमलव ४४, लघुवित्त शून्य दशमलव १५, म्युचुअल फण्ड शून्य दशमलव १६, निर्जीवन बिमा शून्य दशमलव ५०, व्यापार शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ । विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सात दशमलव २९ प्रतिशतले घटेको छ । कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा बढी हिमालयन डिस्टिलरी लिमिटेडको एक अर्ब ७५ करोड ७९ लाख ३० हजार ३ सय ८६ बराबरको १२ लाख ७४ हजार २ सय २५ कित्ता शेयर किनबेच भएको छ ।

## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु

-विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
-व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्डर बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
-सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
-सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
-खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं,
-फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
-ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
-आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं,
-खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हरितालिका तिज पर्व...

...तिजमा भगवान् शिवको आराधना गरिनुका साथै नाचगानसहित मनोरञ्जन गर्ने गरिन्छ । भारतका कुनै-कुनै प्रान्तमा समेत तीज मनाउने प्रचलन छ । तिजको दिनका अतिरिक्त गणेश चतुर्थी र ऋषि पञ्चमीलाई पनि तिज पर्वकै रूपमा मनाइन्छ । टाढाका चेलीबेटी यस दिन माइतीघर वा आफन्त कहाँ दरखान जाने चलन रहेको छ । आज दर खाने र भोलि हरितालिका तिज परेकाले माइतीघरमा तीज मनाउन महिलाहरु घरगाउँतिर जाने क्रम पनि बढेको छ । पछिल्लो समय तिज मनाउने शैली फेरिँदै गएको छ । महिना दिनदेखि दर खाने र रमाइलो गर्ने प्रचलन बढेको छ । दिदीबहिनी भेटघाट गर्ने, दुःख-सुख एवं आपसी अनुभवलाई गीतमार्फत् व्यक्त गर्ने र मिठा परिकार खाएर तिज मनाउने परम्परा रहेकोमा अहिले यसलाई रमाइलो पर्वका रुपमा लिन थालिएको छ । नेपाली हिन्दू महिलाको महान् चाड हरितालिका तीज नजिकिएसँगै गाउँघरदेखि सहरसम्मै रौनक देखिन थालेको छ । दर खाने दिन आज भएपनि सहर बजारमा भने केही दिनअघिदेखि नै महिलाहरुले सामूहिक दर कार्यक्रम आयोजना गरी नाचगान तथा रमाइलो गरिरहेका छन् । हिमालयपुत्री पार्वतीले व्रत बसेर महादेव पति पाएको धार्मिक मान्यतासँगै तिज मनाउने गरिएको हो । तिजका दिन महिलाहरु निर्जल, निराहार उपवास बस्नुपर्ने मान्यता छ । तिज नेपालका साथै भारतको उत्तरप्रदेश, बिहार, झारखण्ड, राजस्थान र मध्यप्रदेशमा पनि मनाउने गरिन्छ । हिन्दु समुदायले मनाउने यो पर्वमा अहिले अन्य समुदायका महिला पनि रमाइलो मानेर सहभागी हुन थालेका छन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः कैलाशनगर-५,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई